## "सक्षम निजामती प्रशासन, विकास, समृद्धि र सुशासन"

धादिङ जिल्ला अदालतमा मिति २०७६/०५/२२ गतेको माननीय जिल्ला न्यायाधीश श्री देवेन्द्र पौडेल, श्रेष्तेदार श्री नवराज दंगाल र तहसिलदार श्री हरीप्रसाद अधिकारीको एक कमिटीबाट निर्णय भई मिति २०७६/०५/२५ गते निजामती सेवा दिवस २०७६ को उपलक्ष्यमा यस जिल्ला अदालतका डिट्ठा पदमा कार्यरत **श्री दिनेशकुमार आचार्यले** आफुले तोकिएको पदीय जिम्मेवारी उत्कृष्ठ रुपमा निर्वाह गर्नुभएकोले कदर स्वरुप नगद पुरस्कार सहित सम्मान पत्र प्रदान गरिएको हो ।यस माननीय जिल्ला न्यायधीश श्री देवेन्द्र पौडेलले आचार्यलाई सम्मान पत्र एवं श्रेष्तेदार श्री नवराज दंगालले नगद पुरस्कार प्रदान गर्नुभएको हो । कार्यक्रममा माननीयज्यूले आगामी बर्षका निजामती सेवा दिवसमा पनि तोकिएको पदीय जिम्मेवारी उत्कृष्ठ रुपमा निर्वाह गर्नुहुने अन्य कर्मचारीलाई समेत सम्मानित गर्ने हुनाले आफ्नो जिम्मेवारी राम्रोसँग निर्वाह गरी जनताको सेवा गरी उनिहरुलाई असल छितो छरितो सेवा प्रवाहबाट खुसी पार्नुपर्ने कुरा व्यक्त गर्नुभयो ।